वर्ष २९ अङ्क ८ फरवरी, २०२२ FEBRUARY, 2022
E-PAPER
मासिक प्रकाशन
सिक्किम डेमोक्रेटिक फ्रण्ट–को मुखपत्र
सिक्किम परिवर्तन

# “विद्यार्थी र शिक्षकहरूलाई न्याय दिलाउनु र उनीहरूको भविष्य सुनिश्चित बनाउनु हामी सबैको दायित्व हो”

## जनताको सवाल ?

**प्रश्न :** पोहोर जूनदेखि नै सरकारसमक्ष पुनःनियुक्तिको माग गर्दै आएका एडहक शिक्षकहरूलाई नियुक्ति नदिएर इन्टरभ्यूमा बस्न लगाइयो। गत नवम्बर–दिसम्बर महीनामा इन्टरभ्यूहरू पनि भए। तर अझै पनि प्राइमेरी स्कूलका शिक्षकहरूको इन्टरभ्यू भएको छैन र भइसकेका इन्टरभ्यूका परिणामहरू पनि घोषणा गरिएको छैन। धेरै स्कूलहरूमा शिक्षकहरूको भारी कमी देखिएको छ। स्कूल गार्ड र ओएफओजे–का कर्मचारीहरूले क्लास लिइरहेको अवस्था छ। तर एसकेएम पार्टीले राज्यमा अघिबाट शिक्षक नियुक्तिको कुनै नीति नभएकोले र भर्खरै मात्र उनीहरूको सरकारले नयाँ नीति ल्याएको बताउँदै २३ वर्षदेखि अघिको सरकारले शिक्षकहरूलाई अस्थायी रूपमा काम गराउँदै ल्याएको आरोप लगाएको छ। शिक्षा विभागको यो स्थिति र आरोपबारे तपाईं के भन्नुहुन्छ?



फाइल फोटो

**उत्तर :** नेपालीमा एउटा उखान छ – ‘नाँच्न जान्दैन आँगन टेँड़ो’। नेपालीमै अर्को पनि त्यत्तिकै अर्थपूर्ण उखान छ – ‘नदिने बजैले आइतबार बार्छिन्’। हाम्रो सरकारमा हामीले नियमित रूपमा शिक्षकहरूको चयन परीक्षाहरू सञ्चालन गर्दै आएका हौं, र सैंकड़ौं अस्थायी शिक्षकहरूलाई स्थायी रूपमा नियुक्त गरेका हौं। कोही पनि योग्य उम्मेदवारले यसका निम्ति आवेदन दिन र परीक्षा दिन पाउने नियम बनाइएको थियो। यसैमुताबिक हाम्रो कार्यकालमा ९,००० भन्दा अधिक स्थायी शिक्षकहरू नियुक्त भए। हामीले प्रत्येक वर्ष विभागको माग र आवश्यकता अनुसार शिक्षकहरूलाई एडहक रूपमा नियुक्त गर्थ्यौं र तीन वर्षसम्म कार्य गरेका शिक्षकहरूलाई स्थायी नियुक्तिको आवेदनको निम्ति योग्य ठहर गरिन्थ्यो। यस रूपमा ४००० भन्दा बढ़ी एडहक टीचरहरूलाई स्थायी गरियो। हाम्रो समग्र कार्यकालमा हामीले कुनै शिक्षकको नोकरी कहिले पनि स्थगन गरेनौं। हाम्रो सरकारमा एडहक टीचरहरूले कहिले पनि नोकरी गुमाउनुपरेन, जसरी आज गुमाइरहेका छन्। यसको साथमा तपाईंहरूलाई यो पनि स्मरण गराउनचाहन्छु कि ९५ प्रतिशत कलेज टीचरहरू (एसिस्टेन्ट प्रोफेसर/ एसोसिएट प्रोफेसर) हाम्रै सरकारमा नियुक्त भएका हुन्। सिक्किममा युनिभर्सिटीहरू स्थापना भएपछि कति रोजगार सिर्जना भए, त्यसको अलग्गै हिसाब छ।

एसकेएम सरकारले बनाएको नीति अनुसार सबै शिक्षकहरूले आफ्नो जीवनको अमूल्य आठ वर्षहरू खर्च गर्नैपर्ने अनिवार्य नियम बनाइएको छ। विभागले वार्षिक रूपमा रेगुलर टीचर नियुक्तिको लागि इन्टरभ्यू लिनसक्दैनथ्यो? के अब आठ वर्षसम्म सिक्किममा कुनै स्थायी शिक्षक नियुक्त नहुने? कति विवेकहीन र निर्दयी नीति! स्कूल र मेधावी शिक्षकहरूमाथि कत्रो अन्याय!

हामीले शिक्षकहरूको पदोन्नतिका निम्ति पनि स्पष्ट नीति निर्धारण गरेका थियौं। शिक्षकले आफ्नो नोकरी पाँच वर्ष पूरा गरेपछि प्रधान अध्यापकको पदको निम्ति आवेदन दिन र परीक्षा बस्न पाउने नियम बनाइएको थियो। हाईस्कूलका प्रधान अध्यापकहरूले पनि त्यसरी नै प्रिन्सिपल वा उप–निर्देशकको पदको निम्ति आवेदन दिनसक्दथे। प्रिन्सिपलहरूले संयुक्त निर्देशकको पदमा र स्नातकोत्तर शिक्षकहरूले प्रिन्सिपलको पदमा आवेदन गर्नसक्ने प्रावधान राखिएको थियो। हामीले नै प्राइमेरी स्कूलका प्रधान शिक्षकको स्केल पनि तोकिदिएका हौं।

एसडीएफ सरकारले सिक्किमका शिक्षकहरूको तलब–भत्ता बढ़ाएर देशमै सबैभन्दा अधिक बनाएको हो। उदाहरणार्थ, प्राइमेरी टीचरहरूको स्केल विभागका समकक्षी एलडीसीहरूभन्दा उच्च छ। त्यस्तै विभागीय समकक्षीहरूको तुलनामा स्नातक शिक्षक, पीजीटी, प्रधान अध्यपक, प्रिन्सिपलहरूका तलबभत्ता अधिक छन्।

शिक्षण पेशालाई विशेष पेशा, सम्मानित पेशा र आकर्षक पेशा बनाउने ध्येयले यसो गरिएको हो। राज्यको समग्र विकासमा शिक्षकहरूको विशेष भूमिकालाई हामीले कदापि बिर्सिनुहुँदैन। उहाँहरूको कड़ा मेहनतकै कारणले हाम्रो राज्यको विकास सम्भव हुनसकेको हो। सिक्किमको साक्षरता दरलाई देशकै सर्वोच्च ९६.७५ प्रतिशत पुर्‍याउने उहाँहरूको योगदानको निम्ति म सिक्किमका शिक्षकहरूप्रति हार्दिक धन्यवाद र बधाई दिनचाहन्छु। उहाँहरूकै कारण सिक्किम वर्ष २०१६ –मा शिक्षाको क्षेत्रमा देशकै सर्वश्रेष्ठ राज्य बन्नसकेको थियो।

सिक्किमका शिक्षकहरूमाथि आज जुन दुर्व्यवहार र अपमान गरिएको छ, त्यसले मलाई अति नै दुःखित तुल्याएको छ। आज नयाँ नीतिको नाममा एडहक टीचरहरूको नोकरी छिन्ने काम गरिएको छ। उनीहरू आफ्ना विद्यार्थीहरूलाई पढ़ाउनचाहन्छन्। उनीहरू जब आफ्नो अधिकार खोज्छन्, उनीहरूलाई लखेटिन्छ। शिक्षकहरूकै विरुद्ध अर्को शिक्षक समूह उतारिन्छ। आज स्कूले विद्यार्थीहरू शिक्षकबिनै परीक्षा बस्न बाध्य छन्। स्कूल गार्ड र ओएफओजे–का कर्मचारीहरूले पढ़ाउनुपर्ने अवस्था छ। योग्य र शिक्षित सिक्किमे युवाहरू स्कूलहरूमा जानचाहन्छन्, तर विभागसँग ती शिक्षकहरूलाई सामना गर्ने साहससम्म छैन। बारम्बार झूट्टा आश्वसनहरू दिइसकेपछि विभागको रक्षामा एसकेएम–का कार्यकर्त्ताहरूलाई अघि ल्याइन्छ। यस्तो लज्जाजनक स्थिति छ। यदि उनीहरूसँग अलिकति मात्र पनि नैतिकता बचेको भए विभागीय मन्त्री र सचिवले राजिनामा दिनुपर्ने हो, र इमान्दार र सक्षम मानिसलाई त्यो दायित्व सुम्पिनुपर्ने हो।

सरकारले एडहक टीचर नियुक्त गर्नसक्छ। नियममुताबिक स्थायी शिक्षकहरू पनि रहल पृष्ठ २–मा

# एसडीएफ कार्यकर्ताहरूलाई निडर र साहसी भएर काम गर्ने अध्यक्षको आग्रह



**गान्तोक (प्रेस विज्ञप्ति)** । गत तारिख १ फरवरी २०२२ को दिन दक्षिण जिल्लाको नाम्ची पार्टी कार्यालयमा एसडीएफ पार्टीको मासिक समन्वय सभा सम्पन्न भयो। सभामा एसडीएफ पार्टीका अध्यक्ष एवं पूर्व मुख्यमन्त्री श्री पवन चामलिङले पनि भर्चुअल रूपमा उपस्थिति जनाउनु भएको थियो।

समन्वय सभालाई भर्चुअल रूपमा सम्बोधन गर्दै पार्टी अध्यक्षले सर्वप्रथम सबै कार्यकर्ताहरूलाई नयाँ वर्षको शुभकामना तथा हार्दिक बधाई टक्र्याउनु भयो। यसका साथै आफ्नो सम्बोधनका क्रममा उहाँले सिक्किमे जनताको हित र हकका लागि आआफ्ना गाउँ, ब्लक, क्षेत्र र जिल्लाबाट आवाज उठाउनु पर्ने विषयमा जोड दिनु हुँदै सिक्किमको माटोलाई बचाउन सबैले एकजुट भएर काम गर्ने समय आएको बताउनु भयो। यसरी नै सिक्किमको सुरक्षामा मात्र सबै सिक्किमेलीहरूको सुरक्षा सम्भव भएकोले जात, धर्म, वर्ग र राजनीतिदेखि माथि उठेर सिक्किमको वर्तमान र भविष्यलाई सोचेर काम गर्न पार्टी अध्यक्ष श्री चामलिङले कार्यकर्ताहरुलाई आह्वान गर्नु भयो। पार्टी अध्यक्षले सबै कार्यकर्ताहरूलाई आफ्नो पदअनुसार सिक्किमेली जनताको पक्षमा काम गरिदिने आग्रह गर्दै राज्यका सबै क्षेत्रहरूमा पार्टी कार्यलय खोल्ने निर्देश गर्नुभयो। यसरी नै उहाँले पार्टी कार्यकर्ताहरूलाई सिक्किम र सिक्किमेलीहरूको वर्तमान र भविष्यलाई सुरक्षित राख्नका निम्ति निडर र साहसी भएर काम गर्ने आग्रह पनि गर्नुभयो।

सभामा विभिन्न क्षेत्रबाट आएका पार्टी पदाधिकारीहरुले पनि सम्बोधन गर्दै प्रत्येक क्षेत्रका पार्टीको रणनीति अनि कार्यशैलीबारे उपस्थित भेलालाई आवगत गराएका थिए। यसका अतिरिक्त राज्यमा बढ्दै गरेको अशान्ति, हिंसा, हत्या र अत्याचारको विरोधमा निडर भएर एसडीएफ पार्टी कार्यकर्ताहरूले काम गर्ने समन्वय सभाले निर्णय लिएको छ।

दक्षिण जिल्लाका उपाध्यक्ष श्री गकुल राईले सभामा स्वागत भाषण राख्नु भयो भने मल्ली क्षेत्रका सक्रिय कार्यकर्ता श्री बी बी राई, तिमी–नाम्फिङग समष्टिका श्री सुमन तिवारी, नाम्ची– सिङिथाङ समष्टिका अध्यक्ष श्री डानियल राई, नाम्थाङ–रातेपानी समष्टिका अध्यक्ष श्री बिर्जन तामाङ, पार्टीका मोटिभेसनल प्रकोष्ठका सचिव श्री निर्मल छेत्री, पोकलोक कामराङ समष्टिका क्षेत्र प्रभारी श्री विमल राई, चेली मोर्चा प्रभारी श्रीमती बन्दना राई, युवा प्रभारी श्री रोदन गुरुङ, कार्यकारिणी सदस्य श्री डी बी छेत्रीलगायत पूर्व विधायक श्री विनोद राईले पनि समन्वय सभालाई सम्बोधन गर्दै पार्टी सङ्गठनलाई सुदृढ बनाउने पक्षमा आफ्ना विचार राख्नु भएको थियो। सभाको अन्त्यमा दुई मिनट मौन धारण गरी हालैमा निधन भएका जुम सालघारी समष्टिका उपाध्यक्ष स्वर्गीय मिलन राईलाई श्रद्धाञ्जली अर्पण गरिएको थियो।

उक्त सभामा पार्टीका वरिष्ट उपाध्यक्षगण, दक्षिण जिल्ला कार्यकारीणी समितिका अध्यक्ष, महासचिव, सचिव, युवा संयोजक, चेली संयोजिका, विभिन्न प्रकोष्ठका पदाधिकारीहरू लगायत क्षेत्रस्तरका पार्टी पदाधिकारीहरूले पनि उपस्थित जनाएका थिए।

# फर्मुला सार्वजनिक गर्न प्रवक्ता सुब्बाको चुनौती



**गान्तोक।** एसडीएफ अध्यक्ष श्री पवन चामलिङ दिल्लीबाट फर्किपछि राज्यमा हिंसा बढेको एसकेएमको आरोपलाई एसडीएफ पार्टीका प्रमुख प्रवक्ता तथा उपाध्यक्ष श्री एम के सुब्बाले खण्डन गर्नु भएको छ। उहाँले भन्नु भएको छ, अध्यक्ष श्री पवन चामलिङलाई बागडोग्रामा अपार जनताले स्वगात गरेको देखेर एसकेएम अतालिएको हो। यसैले एसकेएम पार्टीले श्री चामलिङप्रति विभिन्न आरोप लगाइरहेको छ। पवन चामलिङले ५० वर्षदेखि सिक्किमको सेवा गरिरहेका छन्। एसकेएम पार्टी उनीहरूको मनमा जे–जे आयो त्यही बहना बनाएर आरोप लगाइरहेको छ।

यसरी नै श्री सुब्बाले सिक्किम विधानसभामा लिम्बू–तामाङ सीट आरक्षण, छुटेका १२ जातिलाई जनजातिको मान्यता, १७औं ग्याल्वा कर्मापा उगेन थिल्ले दोर्जीलाई सिक्किममा ल्याउने सम्बन्धमा एसकेएम सरकारले बनाएको समिति केवल जनताको आँखामा धुलो हाल्ने काम हो भन्नुहुँदै सरकारले यी तिनवटा विशेष मुद्दामा केही ठोस काम गर्न नसकेकै कारण जनतालाई भ्रमित पार्न समिति गठन गरेको हो भनी ठोकुवा गर्नुभयो। यी तिन मुद्दाहरूको समाधान गर्नका लागि एसकेएममा कुनै ठोस कार्यक्रम छैन भन्दै प्रवक्ता सुब्बाले लिम्बू–तामाङ सीट आरक्षणप्रति एसकेएम सरकार यदि इमान्दार छ भने यसको फर्मुला केन्द्रमा पठाएर जनतासमक्ष सार्वजनिक गरोस् भनी सरकारलाई चुनौती दिनुभयो। साथै उहाँले एसडीएफ पार्टीमा ४० सीट फूर्मूला छ र आजसम्म एसडीएफ पार्टीले कति काम गरेको छ त्यसको चाढै सार्वजनिक गर्ने जानकारी गराउँनुहुँदै राज्यमा तामाङ समुदायबाट मुख्यमन्त्री र लिम्बू समुदायबाट लोकसभा सांसद हुँदा पनि आसन आरणक्षका लागि ठोस पहल नहुनु अत्यन्त दुःखद विषय हो भन्नु भयो।

# विद्यार्थी र शिक्षकहरूलाई न्याय दिलाउनु ...

पृष्ठ १ को रहल

नियुक्त गर्नसक्छ। सरकारले शिक्षकहरूको तलब–भत्ता आदि बृद्धि गर्न पनि सक्छ। तर यो सरकार यी सब कुराहरू गर्नसक्दैन। यो सरकार त केवल शिक्षक, विद्यार्थीहरूलाई दग्दी दिनुसक्छ, एउटा शिक्षक समूह वा विद्यार्थी समूहविरुद्ध अर्को समूह खड़ा गर्न र झ्याउला मच्च्याउनुसक्छ। यो सरकार विद्यार्थीहरूलाई निलम्बित गर्नुसक्छ। आवाज उठाउनेहरूलाई गिरफ्तार गर्नसक्छ। विपक्षीहरूमाथि ढुङ्गा हान्नुसक्छ। आफ्नो एमएलए, मन्त्रीलाई कुट्नसक्छ। उनीहरूसँग तोड्ने, भत्काउने सबै कुरा छ, तर बनाउने एउटै गुण छैन।

शिक्षा क्षेत्रका हाम्रा नवान्वेषी कार्यक्रमहरूबाट पनि एसकेएम–ले केही कुरा त सिक्ला भन्ने मलाई आशा थियो। सिक्किमका सरकारी स्कूलमा पढ्ने आम जनताका छोरा–छोरीहरूलाई देशका नामूद स्कूलहरूमा पढ्ने अवसर दिने चीफमिनिस्टऱ्स मेरिटोरियस स्कलरशीपजस्ता कार्यक्रमहरू हामीले चालु गरेका थियौं, जसअन्तर्गत राज्यका १००० – भन्दा बढ़ता नानीहरूले लाभ पाइसकेका छन्। यसबाट अन्ततः सिक्किमे समाजले नै लाभ पाउनेछ। चीफमिनिस्टऱ्स फ्री स्कलरशीप अन्तर्गत सिक्किमे विद्यार्थीहरूलाई विश्वका श्रेष्ठ २० मध्येका युनिभर्सिटीमा निःशुल्क पढ्नदिने नीति बनाइएको छ। सिक्किमे विद्यार्थीहरूकै भलाइका निम्ति हामीले निर्ब्याजी शिक्षा लोन, समग्र शिक्षा लोन, निःशुल्क युपीएससी कोचिङ आदि कार्यक्रम र नीतिहरू हामीले बनायौं। तर यी राम्रा कार्यक्रमहरूलाई निरन्तर सञ्चालन गर्नेसम्म सोच यो सरकारसित छैन। नयाँ कार्यक्रम बनाउने वा नयाँ नीति तर्जुमा गर्ने कुरा त सोच्दै नसोचे भइगयो।

एसकेएम सरकारले विद्यार्थीहरूलाई ल्यापटपको साटो किन टिभी बाँड्यो भन्ने कुरा पनि बुझ्नलायक छ। सरकारलाई थाहा छ कि स्कूलमा शिक्षक पठाउन उनीहरू सक्ने होइनन्। त्यसैले विद्यार्थीहरूलाई ल्यापटपको साटोटिभी दिएर मनोरञ्जनमा भुल्याउने उनीहरूको उद्देश्य हो। सरकारले यस्तैउदेक–उदेकका निर्णयहरू गरिरहेको छ। जस्तो कि जोरथाङ सिनियर सेकन्डरी स्कूलका ल्याब–एसिस्टेनलाई पदोन्नति गरी सहायक शिक्षा अधिकारी बनाइएको छ। एकजना चिकित्सक(डक्टर)–लाई गृह विभागको अधिकारी बनाइएको छ। यस्तै नियुक्ति र पदोन्नतिको क्रम जारी राखिने हो भने सिक्किममा जे पनि हुनसक्नेछ, नहुने कुरा केही रहनेछैन। सरकारले प्रजातन्त्रलाई बन्धक बनाएको हालको सिक्किमले यस्तै नाटकहरू चुपचाप हेरिरहेको छ।

एकातिर कोविड संक्रमण र अर्कोतिर शिक्षक कमीको मार खपिरहेका तमाम विद्यार्थीहरूप्रति म चिन्तित छु। एडहक शिक्षकको नोकरीबाट बेदखल गरिइएका सैकड़ौं सिक्किमे शिक्षित युवाहरूको अवस्थाप्रति पनि मलाई चिन्ता छ। यो क्षति केवल एडहक टीचर र विद्यार्थीहरूको मात्र क्षति होइन, यो हामी सबैको क्षति हो। उनीहरूलाई न्याय दिलाउनु र उनीहरूको भविष्य सुनिश्चित बनाउनु हामी सबैको दायित्व हो।

## 'जनता राजमा जनतै राजा'

-पवन चामलिङ

सिक्किम परिवर्तन

सिक्किम डेमोक्रेटिक फ्रण्ट-को मुखपत्र

वर्ष २९, अङ्क ८, फरवरी, २०२२, February, 2022

## सिक्किम राज्यमा बढ्दो हिंसा

सन् २०१९ -मा सिक्किममा सत्ता परिवर्तन भएर सिक्किम क्रान्तिकारी मोर्चा सरकारमा पुगेपछि सनै सनै सिक्किमको शान्ति श्रृङ्खला ध्वस्त हुन थालेको सत्य आम जनता सामु प्रष्ट छ। राज्यमा अनेकौं हिंसात्मक क्रियाकलाप भइरहेका छन्। सरकार प्रमुखदेखि लिएर मन्त्री, विधायक एवम् सत्तारूढ दलका कार्यकर्ताहरूको हिंसा भड्काउने किसिमका वक्तव्य र भाषणहरूले राज्यमा नकारात्मक शक्ति अझ धेरै शक्तिशाली भएका छन्।

राज्यका विपक्षी पार्टीका कार्यकर्ताहरूलाई पानी खेदो गरेर पक्राउ गर्नु, एसडीएफ अध्यक्षलाई विधानसभामा नै अभद्र भाषामा गाली गर्नु, उपचुनाउका समय एसडीएफ अध्यक्षमाथि आक्रमण गर्नु, राज्यका मन्त्रीहरू समेतले अमर्यादित भाषामा विपक्षलाई गाली गलौच गरेर कार्यकर्तालाई भड्काउनु, राज्यका मुख्यमन्त्री स्वयम्ले कतिपय भाषणमा कार्यकर्तालाई हिंसाका निम्ति उक्साउने किसिमका भाषण गर्नु, एसडीएफ पार्टीका नेता र कार्यकर्ताहरूमाथि आक्रमण गर्नु, अस्पतालमा सेवारत डाक्टरको दिउँसै हत्या हुनु, राजधानीको एममार्गमा गाडी हुल्नु, मान्छे मार्नु, गाउँ घरमा सेवा दिन भएका डाक्टरहरूमाथि कुटपिट हुनु, कोविड महामारीको समय जनताको सेवामा गएका डाक्टरलाई गाउँ पस्न नदिनु, श्रीमान कै अघि श्रीमतीमाथि दुस्कर्मको प्रयास गरिनु, याङगाङको सांस्कृतिक केन्द्रमा आगो लगाउनु, एसडीएफ अध्यक्ष सामाजिक भ्रमणमा जाँदा मुखछाड्नु, ढुङ्गामुढा गर्नु अनि उल्टै एसडीएफका कार्यकर्ताहरूलाई पक्राउ गर्नु, राज्यको सचिवालयमा आक्रमण हुनु, तोडफोड हुनु, विद्यार्थीहरू कलेजबाट निस्कासन गर्नु, विद्यार्थीहरूमा घर मै गएर आक्रमण गर्नु जस्ता अनेकौं क्रियाकलापले सिक्किम अब त्यो शान्तिप्रिय राज्य नरहेको स्पष्ट हुँदछ।

राज्यको सचिवालय जस्तो सर्वोच्च सरकारी कार्यकालयमा आक्रमण हुँदा समेत सरकार कानमा तेल लगाएर बसेको अवस्था छ। सचिवालय भनेको सिक्किमको मान सम्मान हो, जनताको भाग्य र भविष्य बनाउने ठाउँ हो अनि राज्य सरकारको सबैभन्दा ठूलो कार्यालय हो। अब यस्तो स्थान समेत असुरक्षित रहनुले सिक्किममा अब केही पनि सुरक्षित छैन भन्ने स्पष्ट हुन्छ। राज्यको कानुन व्यवस्था लथालिङ्ग अवस्थामा पुगेको छ। राज्यमा पुलिस प्रशासनले स्वतन्त्र भएर काम गर्न पाएको छैन। पुलिसले विगतका वर्षहरूमा कमाएको मान, सम्मान र प्रतिष्ठा बितेको तीन वर्षमा ध्वस्त भइसकेको अवस्था छ। सिक्किम विस्तारै हिंसात्मक राज्यतिर लम्किँदै गइरहेको छ। यस्तो संवेदनशील विषयमा राज्यका मुख्यमन्त्री लाचार अवस्थामा बोलिरहेको प्रतीत हुन्छ।

निवेदन: सिक्किम परिवर्तनमा लेख-रचना प्रकाशनार्थ यहाँहरूले हाम्रो इमेल ठेगाना: sikkimparivartansdf21@gmail.com अथवा फोन नम्बर 9593984746, 9832793623 मा वाट्एप गरेर पठाउन सक्नुहुन्छ। पत्राचारका लागि हाम्रो ठेगाना हो- सम्पादक, सिक्किम परिवर्तन, प्रचार प्रसार मामिला विभाग, एसडीएफ भवन, इन्दिरा बाईपास, गान्तोक, सिक्किम,७३७१०१ ।

# राज्यका विपन्न परिवारका नानीहरूलाई देश वा राज्यका राम्रा स्कूलहरूमा पढ़ाउने व्यवस्था कसरी गर्न सकिएला भन्ने चिन्ताले मलाई ऐंठन पार्‍यो, त्यही चिन्ता र सोचाइले सीएमएमएस स्कीम जन्मिएको हो : पवन चामलिङ

### जनताको सवाल ?

**प्रश्न : शिक्षा क्षेत्रमा एसडीएफ-ले गरेका कामहरूलाई आज तपाईं कसरी सम्झनुहुन्छ?**



फाइल फोटो

**उत्तर :** प्रथमतः गुणस्तरीय शिक्षा आफैमा एक अत्यन्त जटिल विषय हो भन्ने कुरा हामीले बुझ्नुपर्छ। यसको निम्ति सरकार, शिक्षक, अभिभावक अनि विद्यार्थी सबैको सामुहिक लगन र कड़ा परिश्रम जरूरी हुन्छ। तर नीति निर्माण र पूर्वाधारहरूको विकासको सन्दर्भमा भने सरकारको भूमिका नै सर्वाधिक र सर्वोच्च हुनुपर्दछ।

हामीले आफ्ना कार्यकालमा शिक्षा क्षेत्रमा उल्लेखनीय कामहरू गर्‍यौं। प्रायः ९९ प्रतिशत स्कूलहरूको पक्का बिल्डिङ बनायौं। स्कूलहरूमा ९ : १ -को शिक्षक-विद्यार्थी अनुपात बनायौं। पैदल पुग्न सकिने दूरीमा स्कूलहरू निर्माण गर्‍यौं। कलेज तहसम्मै शिक्षालाई नि:शुल्क बनायौं। विद्यार्थीहरूलाई स्कूल युनिफर्म, खाता-किताब, रेनकोट, स्कूल ब्याग, जुत्ता-मोजा सबै दियौं। शिक्षाको निम्ति २० प्रतिशत बजेट आवण्टन गर्‍यौं। सबै जिल्ला र ग्रामीण इलाकाहरूसम्म हामीले उच्चत्तर शिक्षालाई विस्तार गर्‍यौं। १९९४-सम्म सिक्किममा केवल दुइटा कलेज थिए। आज हामीसँग बि.एड्. कलेजलगायतका सबै कलेजहरू छन्। राज्यमा युनिभर्सिटी शिक्षा हामीले नै शुरू गरेका हौं।

हामीले चीफमिनिस्टर्स मेरिटोरियस स्कलरशीप स्कीमजस्ता नवान्वेषी र अश्रुतपूर्व कार्यक्रमहरू शुरू गर्‍यौं। यस योजनाअन्तर्गत सिक्किमका सरकारी स्कूलहरूमा पढ्ने मेधावी विद्यार्थीहरूले सिन्धिया स्कूल ग्वालियर, पाइनग्रोभ स्कूल धरमपुर, आर्यन स्कूल देहरादुन, दिल्ली पब्लिक स्कूल, सिन्धिया कन्या विद्यालय, शिग्याली हिल इन्टरनेशनल एकाडेमी देहरादुनजस्ता राज्यबाहिरका प्रसिद्ध स्कूललगायत राज्यकै टी.एन.ए., सेन्ट जेभियर्स, डन बास्को, नाम्ची पब्लिक स्कूल, सेन्ट जोसेफ्स, सेन्ट मेरी स्कूलहरूमा पढ्ने मौका पाएका छन्। मुख्यमन्त्रीको रूपमा मैले यो अनुभव गर्नसकें कि एस.सी., एस.टी., ओ.बी.सी. आदि समुदायहरूका निम्ति दिइने आरक्षणको लाभ र सुविधा पनि केवल राम्रा स्कूलहरूमा पढ़ेकाहरूले मात्र उठाउन सक्दारहेछन्। डक्टर, इञ्जीनियर, आर्किटेक्टजस्ता पेशेवर शिक्षा पनि केवल राम्रा स्कूलका विद्यार्थीहरूले नै लिनसकेको मैले पाएँ। त्यसैले राज्यका विपन्न परिवारका नानीहरूलाई देश वा राज्यका राम्रा स्कूलहरूमा पढ़ाउने व्यवस्था कसरी गर्न सकिएला भन्ने चिन्ताले मलाई ऐंठन पार्‍यो। त्यही चिन्ता र सोचाइले सीएमएमएस स्कीम जन्मिएको हो। आज यस योजना अन्तर्गत सिक्किमका हजारौं गरीब नानीहरूले देशका नामी-नामी स्कूलहरूमा पढ़िरहेको देखेर म खुशी र सन्तुष्ट छु।

हामीले सिक्किममा चीफ मिनिस्टर्स फ्री स्कलर स्कीम पनि शुरू गर्‍यौं, जसअन्तर्गत विश्वका सर्वश्रेष्ठ २० वटा युनिभर्सिटीमा भर्ना पाउने सिक्किमे विद्यार्थीहरूलाई सरकारी खर्चमा पढ़ाइदिने व्यवस्था गरियो।

युपीएससी परीक्षाका निम्ति तयारी गर्नचाहने विद्यार्थीहरूका निम्ति कोचिङको व्यवस्था पनि हाम्रो सरकारले गरेको हो। यसअन्तर्गत युपीएससी कोचिङ गर्ने हरेक विद्यार्थीको निम्ति सरकारले २ लाख रुपियाँ प्रदान गर्नुल्यो।

तलका केही तथ्यहरूबाट एसडीएफ सरकारमा शिक्षा क्षेत्रमा के-कस्ता कामहरू भए, त्यसको जानकारी पाउनसकिनेछ।

- शिक्षाको क्षेत्रमा सर्वाधिक प्रतिव्यक्ति खर्च गर्ने राज्य सिक्किम थियो। जतिखेर केरला, गुजरात, दिल्ली अनि पश्चिम बङ्गालको प्रतिव्यक्ति शिक्षाखर्च क्रमैले ४२४५.८७५, ३०१२.००५, ४१८५.८०९ अनि २२२३.२६ रुपियाँ थियो, त्यतिखेर सिक्किमको प्रतिव्यक्ति शिक्षा खर्च १२,३६४.०६ रुपियाँ थियो।
- राज्य बजेटको लगभग २० प्रतिशत रकम शिक्षा क्षेत्रमा खर्च गरिन्थ्यो।
- सबै सरकारी स्कूलहरूमा स्कूल युनिफर्म, खाता-किताब, रेनकोट, रहल पृष्ठ ५-मा

# पवन चामलिङ्को राजनैतिक उद्देश्य भनेको सिक्किमेली जनताको हक हित र अधिकारका लागि वकालती गर्दै माटोको रक्षा गर्नु हो

सिक्किमको शान्ति–सुरक्षाको चिन्ता साथै एसकेएम सरकारको कार्यशैली अनि अव्यवस्थित क्रियाकलापलाई देखेर विपक्षी एसडीएफ पार्टीका अध्यक्ष एवं पूर्व मुख्यमन्त्री पवन चामलिङले वर्तमान सरकारलाई सिक्किमेली जनता साथै राज्यको हितका लागि सुझाउ र सरसल्लाह दिँदा चामलिङले एसकेएम सरकारका जनमुखी कार्यक्रममा तगारो बनेर छेक्दैछन् भन्दै प्रेस विज्ञप्ति जारी गरेर पवन चामलिङलाई गाली गर्नु भनेको चाहिं एसकेएम पार्टी सरकार चलाउन असफल भएको प्रमाणित हुनु हो। सिक्किम र सिक्किमेली जनताको हितका लागि दिएको सुझाउलाई तगारोको संज्ञा दिनुभनेको एसकेएम पार्टीको दृष्टिकोण र मानसिकता तुच्छ रहेको प्रमाण हो।

सरकार चलाउन हामी सक्षम छौं भन्दै राज्यका थाँतीमा रहेका मागहरू, जस्तै: लिम्बू–तामाङलाई विधानसभामा सीट, १२ लेफ्टआउट समुदायलाई जनजातिको मान्यता, परमपावन धर्मगुरु कर्मापालाई सिक्किम भित्र्याउने वाचा, एड्हक शिक्षकहरुलाई स्थायी गरिदिने, एक परिवार एक नोकरीमा कार्यरत कर्मचारीलाई स्थायी गर्ने, एम.आर.–एड्हकका कर्मचारीलाई स्थायी गर्ने, निजी कम्पनीमा कार्यरत कर्मचारीलाई २० हजार तलब दिलाउने, युवा चेलीहरूलाई बेरोजगार भत्ता दिने, वृद्धभत्तालाई ५ हजार बनाउने, अलैंची ५० हजार रु. मन, अदुवा ५ हजार रु.मन आदि जस्ता सबै कामहरु १०० दिनमा पूरा गर्ने वाचा बाँधेर सरकारमा आएको पार्टी आज सरकार चलाएको ३२ महिना हुँदा पनि यी वाचा गरेका विषय–वस्तुमाथि गम्भीर भएर काम गर्नु, चर्चा गर्नुको साटो सरकारलाई सर–सल्लाह र सुझाउ दिनेहरूमाथि नै नानाथरी लाञ्छना लगाउनु भनेको चाहिं एसकेएम पार्टीका नाइकेदेखि लिएर कार्यकर्ताहरूसम्म गैर जिम्मेवार, प्रजातन्त्रविरोधी र जनविरोधी भएको प्रमाण हो। जनतालाई झुट्टा आशा देखाएर झुक्याउने, जनविरोधी काम गर्नेहरूको विरोधमा आवाज उठाउने, जनताको हितका लागि बोल्ने एसडीएफ पार्टी अनि नेता पवन चामलिङको कर्तव्य र अधिकार हो। सिक्किम राज्य अनि सिक्किमेली जनता एसकेएम पार्टीको बिर्ता र रैती होइनन्। सरकारको एक–एक कामको हिसाब माग्ने र गलत कामको खरो आलोचना गर्ने सबैको हक छ। सिक्किमे जनताको पक्षमा आवाज उठाउने जनादेश एसडीएफ पार्टीलाई छ। साथै यो सम्पूर्ण जनताको पनि अधिकार हो। सत्ताको मातमा बहुलाउन जनताले एसकेएमलाई त्यहाँ पुऱ्याएका होइनन्।

> “राज्यमा बढ्दो अशान्ति, अराजकता साथै सिक्किमेली जनताले एसकेएम पार्टीलाई खारेज गर्दै गरेको कुरा बुझेर एसकेएम पार्टीले हताशा र निराशा प्रकट गर्दै प्रेस विज्ञप्ति जारी गरेर पवन चामलिङलाई गाली गरेर सिक्किमे जनताको आँखामा धुलो हाल्ने काम गरेको साबित भएको छ यदि एसकेएम पार्टी सिक्किमेली जनताप्रति इमानदार भएका भए सरकारलाई सिक्किम र सिक्किमेको हितका लागि दिएको सुझाउ र सर-सल्लाहलाई स्वीकार गरेर उनीहरूले चुनाउको बेलामा जनतालाई दिएको वचन साथै घोषणा-पत्रमा गरिएका वाचाहरू पूरा गर्ने काम गर्थे। तर अभाग्यवश, स्वार्थ र सङ्कीर्ण विचारले भरिएको एसकेएम पार्टीको सरकार सिक्किमको हित, हक र उत्थानका लागि काम गर्न छोडेर सत्ताभोग मोजमस्ती गर्दै सिक्किमको धरोहर जग्गा-जमीन बाहिरका कम्पनीहरूलाई बेच्नमा व्यस्त छ”



विष्णु दुलाल
प्रचार सचिव, प्रचार–प्रसार मामिला, एसडीएफ

राज्यमा बढ्दो अशान्ति, अराजकता साथै सिक्किमेली जनताले एसकेएम पार्टीलाई खारेज गर्दै गरेको कुरा बुझेर एसकेएम पार्टीले हताशा र निराशा प्रकट गर्दै प्रेस विज्ञप्ति जारी गरेर पवन चामलिङलाई गाली गरेर सिक्किमे जनताको आँखामा धुलो हाल्ने काम गरेको साबित भएको छ। यदि एसकेएम पार्टी सिक्किमेली जनताप्रति इमानदार भएका भए सरकारलाई सिक्किम र सिक्किमेको हितका लागि दिएको सुझाउ र सर–सल्लाहलाई स्वीकार गरेर उनीहरूले चुनाउको बेलामा जनतालाई दिएको वचन साथै घोषणा–पत्रमा गरिएका वाचाहरू पूरा गर्ने काम गर्थे। तर अभाग्यवश, स्वार्थ र सङ्कीर्ण विचारले भरिएको एसकेएम पार्टीको सरकार सिक्किमको हित, हक र उत्थानका लागि काम गर्न छोडेर सत्ताभोग मोजमस्ती गर्दै सिक्किमको धरोहर जग्गा–जमीन बाहिरका कम्पनीहरूलाई बेच्नमा व्यस्त छ।

राज्यलाई तरक्की र उन्नतिको बाटोमा अघि बढाउन छोडेर पूर्व सरकारले जगेडा गरेका रूखपात काटेर नष्ट गर्न अग्रसर भएको देखिन्छ। यदि आज सिक्किममा पवन चामलिङको कुशल नेतृत्वमा एसडीएफ सरकारले सिक्किम र सिक्किमेली जनताका उत्थान र हित–हकका लागि योजना कार्यक्रम र कानूनहरू नबनाएको भए आज एसकेएम सरकार टेक्ने न समाउने भएको हुनेथियो। आज एसकेएम पार्टीको सरकार जहाँ बसेर पूर्व सरकार एवं पूर्व मुख्यमन्त्रीलाई गाली गर्दैछ, त्यो उसले टेकेको घडेरी पनि एसडीएफ सरकारको कुशलताको देन हो।

एसकेएम पार्टीका नाइके मन्त्री, विधायक र कार्यकर्ताहरूले पूर्व सरकारलाई निच्चा देखाउनुको साटो सिक्किममा बढ्दैगरेको अशान्ति र अराजकताबारे चिन्तन गरेको उचित हुनेछ। एसकेएम सरकारको लापरवाही र फ्यातुलो शासनले गर्दा राज्यमा हत्या, हिंसा, आगजनी, कुटपीट बेर गएको हो। एसकेएम पार्टीको सरकार पवन चामलिङको पछि लाग्नुभन्दा राज्यमा सृजना भएको अशान्ति र असुरक्षितको माहौललाई कसरी नियन्त्रण गर्नुपर्ने हो भन्ने विषयमा सरकारले काम गरे उचित हुनेछ। सरकार चलाउने पार्टी भएपछि विपक्षी पार्टीको जस्तो भूमिका निर्वाह गर्नु होइन सरकारको जिम्मेवारी के हो भन्नेबारे स्वयं जागरूक भएर कर्तव्य निर्वाह गर्नुपर्छ। प्रेस विज्ञप्तिमार्फत बगमफुसे कुरा लेखेर जनतालाई दिग्भ्रमित पारेर होइन। एसकेएम पार्टीको सरकारले परिवर्तन के हो भन्नेबारे अध्ययन गरेमा यस्तो पवित्र विचारको बदनाम हुने थिएन।

# छाङ्गुका जनतालाई एसडीएफ पार्टीको क्यालेण्डर वितरण




**गान्तोक।** सिक्किम र सिक्किमेली जनताले २५ वर्षको लामो अवधिसम्म राज्यको वाग्डोर सोम्पिएको एक मात्र क्षेत्रीय पार्टी एसडीएफ पार्टी हो। गत ३ वर्षदेखि यता एसडीएफ पार्टीले राज्यको प्रमुख प्रतिपक्षी पार्टीको भूमिका निर्वाह गर्दै आइरहेको छ। एसडीएफ पार्टीका नेता श्री पवन चामलिङका जनमुखी विचार र पार्टीको नीति–सिद्धान्त सिक्किममा दिनप्रतिदिन सान्दर्भिक र महत्त्वपूर्ण बन्दै गइरहेको छ। एसडीएफ पार्टीका नेताका जनमुखी अनि जीवन्त सन्देश बाड्ने क्रममा सहयोद्धाहरूले राज्यको सबै क्षेत्रका भेगअभेग गाउँ–ठाउँमा पार्टीको क्यालेन्डर पुऱ्याउने कामलाई जारी राखेका छन्।

गत १० फरवरीको दिन पूर्व जिल्लाका सहयोद्धाहरूको एउटा टोलीले १२,४०० फिट उचाईमा अवस्थित छाङ्गुका जनतालाई पार्टीको क्यालेन्डर दिँदै नेताको सन्देश साझा गरे।

एसडीएफ प्रचार–प्रसार मामिलाद्वारा प्रकाशित केलेन्डर आजसम्म राज्यभरीमा लगभग पचास हजारभन्दा अधिक वितरण भइसकेको अनि विभिन्न स्थानका जनताबाट यसको माग भइरहेको जानकारी प्रशासनिक मामिला उपाध्यक्ष श्री देव गुरुङले दिनु भएको छ।

सिक्किम डेमोक्रेटिक फ्रण्ट, प्रचार प्रसार मामिला विभागद्वारा प्रकाशित एवम् प्रशासित। ठेगाना, एसडीएफ भवन, इन्दिरा बाईपास, गान्तोक, सिक्किम, ७३७१०२, सम्पादकः कृष्ण खरेल

# पश्चिम सिक्किममा एसडीएफका सभाहरू सम्पन्न

**गान्तोक।** एसडीएफ पार्टी पश्चिम जिल्ला कार्यकारिणी समितिको तत्वावधानमा क्षेत्रस्तरमा समन्वय सभाहरूको सम्पन्न भए। गत ५ फरवरीदेखि पश्चिम जिल्लाको दरामदिन क्षेत्रबाट सभाहरू प्रारम्भ भएका थिए। एसडीएफ पार्टीलाई वार्डस्तरसम्म संस्थागत रूपमा अझ सुदृढ र सशक्त तुल्याउने उद्देश्यमा पश्चिम जिल्ला कार्यकारिणी समितिले सभाहरूको आयोजना गरेको हो।

५ फरवरीको दिन दरामदिन क्षेत्र, ७ फरवरीको दिन रिञ्चेनपोङ क्षेत्र, ८ फरवरीको दिन याङ्थाङ, ९ फरवरीको दिन जुम–सालघारी क्षेत्र, ११ फरवरीमा सोरेङ–च्याखुङ क्षेत्र, १२ फररवरीमा गेजिङ–बर्मेक क्षेत्र, १३ फरवरीमा टासिङ क्षेत्रमा क्षेत्रस्तरीय समन्वय सभाहरू सम्पन्न भए।

पश्चिम जिल्ला कार्यकारिणी समितिले समन्वय सभाहरूको क्रममा स्थानीय जनताबाट राज्यको वर्तमान स्थितिको जायजा लिने काम गरे। यसका साथै स्थानीयहरूले सिक्किमको हित र सिक्किमेली जनताका सुरक्षाका निम्ति एसडीएफ पार्टीलाई आगामी २०२४ को चुनाउमा सत्तामा फर्काई ल्याउन अति आवश्यक रहेको विचार सभाहरूमा साझा गरेका थिए भनी पश्चिम जिल्ला प्रचार–प्रसार मामिला महासचिव श्री जी एस रिजालले दिनु भएको छ।

क्षेत्रस्तरीय समन्वय सभा एसडएफ पार्टी पश्चिम जिल्ला सङ्गठनका उपाध्यक्ष श्री सतिस मोहन प्रधान, महासचिव–प्रभारी श्री टासी ग्याछो भुटिया, पश्चिम जिल्ला प्रशासनिक मामिला महासचिव श्री डी बी सुब्बा, महासचिव सङ्गठन श्री सञ्चराज सुब्बा, महासचिव श्री पेमनर्बु शेर्पा, पश्चिम जिल्ला सङ्गठन महासचिव श्री सफल राई, पश्चिम जिल्ला चालक मोर्चा महासचिव श्री अर्जुन थापा, युवा मामिला महासचिव श्री राम भण्डारी, पश्चिम जिल्ला कार्यकारी अध्यक्ष श्री रबिन तामङ, पश्चिम जिल्ला उपाध्यक्ष पेम्बा सालाखा, सङ्गठन सचिव श्री साइमन लेप्चा, पश्चिम जिल्ला युवा संयोजक श्री सुमन प्रधान, पश्चिम जिल्ला चेली संयोजिका सुश्री सोभना वालिङ, पश्चिम जिल्ला सचिव श्री दिनेश राई, पश्चिम जिल्ला युवा उपसंयोजक श्री एस के सुब्बा, जुम–सालघारी क्षेत्रका उपाध्यक्ष श्री सन्दिप राई, गेजिङ बर्मेक क्षेत्रकी चेली संयोजिका श्रीमती सुमित्र राई, प्रचार–प्रसार मामालि महासचिव श्री जी एस रिजाल, रिन्छेनपुङ क्षेत्र युवा संयोजक कर्मा भोटिया,पश्चिम जिल्ला सङ्गठन युवा उपसंयोजक श्री तुम्याङ याखा, युवा उप–संयोजक श्री युवराज शर्मा आदिका नेतृत्वमा सम्पन्न भएका थिए।






## राज्यका विपन्न परिवारका नानीहरूलाई...

पृष्ठ ३–को रहल

स्कूल ब्याग, जुत्ता–मोजा, दिवा भोजन नियमित दिइन्थ्यो।

- पाँचौं श्रेणीका विद्यार्थीहरूका निम्ति सीएम मेरिटोरियस स्कलरशीप स्कीम २०१० –देखि शुरू गरियो।
- स्पेशल मेरिट स्कलरशीप शुरू गरी सिक्किमे विद्यार्थीहरूलाई विश्वका श्रेष्ठ विश्वविद्यालयहरूमा पढ्ने व्यवस्था गरियो।
- एस.सी., एस.टी., ओ.बी.सी. विद्यार्थीहरूका निम्ति वित्तीय सहयोग प्रदान गरियो।
- बोर्ड परीक्षा(दशौं अनि बाहौं श्रेणी) –मा सर्वोच्च अङ्क ल्याउने विद्यार्थीहरूलाई पारितोषिक दिन थालियो।
- सिक्किममा शिक्षक–विद्यार्थी अनुपात निम्नतम रह्यो। युनिफाइड डिस्ट्रिक्ट इन्फर्मेसन फर एडुकेसनको तथ्यअनुसार सिक्किमको शिक्षक–विद्यार्थी अनुपात पूर्व प्राथमिक १:८, प्राथमिक १:५ र सेकन्डरी १:६ थियो।
- विद्यार्थीहरूलाई शिक्षा ऋणको सुविधा दिइयो।
- राज्यका ६५ सिनियर सेकन्डरी स्कूलहरूमध्ये ४२ –मा विज्ञान, ६४ –मा वाणिज्य अनि ४४ –मा भोकेसनल पढाइ चालू गरियो।
- रिनाक, नाम्ची, गेजिङ, च्याखुङ, बुर्तुक, सोरेङमा कलेजहरू स्थापना गरियो।
- राष्ट्रिय तहमा उच्चत्तर शिक्षा संस्थान वृद्धि दर ७ प्रतिशत रहेको अवस्थामा सिक्किमको सो दर १५.२% प्रतिशत पुगेको थियो।
- २००७–मा पूर्णाङ्ग केन्द्रीय विश्वविद्यालय सिक्किममा स्थापना गरियो।
- सिक्किम राज्य विश्वविद्यालय स्थापना गरियो।
- सबै सिक्किमे विद्यार्थीहरूलाई कलेज तहसम्म र गरीबीरेखामुनिका विद्यार्थीहरूका निम्ति पोस्ट डक्टरल तहसम्म निःशुल्क शिक्षा दिनथालियो।
- एटीटीसी, बर्दाङ अनि सीसीसीटी चिसोपानीमा सिक्किमे विद्यार्थीहरूलाई निःशुल्क पोलिटेक्निक्स पढाउनथालियो।
- सरकारी स्कूलहरूमा पनि किन्डरगार्डन प्रणाली शुरू गरियो।
- २०१८–सम्ममा सिक्किमको साक्षरता दर ९६.७२ प्रतिशत पुग्यो, जो पहिले ५६.९४ प्रतिशत मात्र थियो।
- आज सिक्किमसित १३ सरकारी कलेज, ५ वटा प्राइभेट कलेज, ३ वटा सरकारी युनिभर्सिटी(एनआइटी राभाङलासहित), ४ वटा प्राइभेट युनिभर्सिटी, ३ वटा डाइट र २ वटा पोलिटेक्निकल कलेजहरू छन्।

यी कामहरूका कारण सिक्किमलाई राष्ट्रिय तहमा धेरै पुरस्कारहरू पनि प्राप्त भए।

- सिक्किमलाई इन्डिया टुडेले २००४ –को निम्ति शिक्षा क्षेत्रमा सर्वश्रेष्ठ राज्यको रूपमा पुरस्कृत गऱ्यो।
- २०१२–१३ मा देशभरिको कम्पोजिट एडुकेसनल डेभलपमेन्ट इन्डेक्समासिक्किम चौथो स्थानमा रह्यो। यो अध्ययनले शैक्षिक पहुँच, पूर्वाधार र शिक्षण स्तरीयतालाई आधार बनाउने गर्दछ, जबकि डिस्ट्रिक्ट इन्फरमेसन अफ स्कूल एडुकेसनबाट उपलब्ध तथ्याङ्कको आधारमा नेशनल युनिभर्सिटी अफ एडुकेसनल प्लानिङ एण्ड एडमिनिस्ट्रेसनले यो इन्डेक्स वा सूचक निर्धारण गर्दछ।
- २००५ मा पनि सिक्किम शिक्षा र निवेशको क्षेत्रमा सर्वश्रेष्ठ राज्य रह्यो।
- इन्डिया टुडेले नै २००८–मा सिक्किमलाई सर्वश्रेष्ठ प्राइमरी शिक्षाको निम्ति पुरस्कृत गऱ्यो।
- २००९–मा सिक्किमले शिक्षाको क्षेत्रमा भारत निर्माण पुरस्कार प्राप्त गऱ्यो।
- २०१० –मा सिक्किमलाई देशका साना राज्यहरूमध्ये सर्वश्रेष्ठ शैक्षिक राज्यको रूपमा पुरस्कृत गऱ्यो।
- इन्डिया टुडेको स्टेट अफ स्टेट्स अवार्ड इन एडुकेसन, २०१२ सिक्किमलाई प्राप्त भयो।
- २०१६–मा पनि शिक्षाको क्षेत्रमा सार्वधिक श्रेष्ठता पुरस्कार हामीले जित्यौं।

हामीले नै शिक्षण पेशालाई देशमै सर्वाधिक तलबमान पाउने पेशा बनायौं। शिक्षण पेशालाई विशेष र प्रतिष्ठित पेशा बनाउन हामीले हर–सम्भव प्रयास गरेका हौं।

देशको सबैभन्दा कान्छो राज्य भएर पनि सिक्किम आज देशको सर्वाधिक साक्षर राज्य बनेको खुशी मलाई छ। आज हाम्रा तरूण पुस्ता शिक्षित, सुदक्ष र स्व–सक्षम छन्।

अन्तमा, सिक्किमका सम्पूर्ण जनगणसहित शिक्षित समुदायलाई शिक्षाको महत्वसम्बन्धमा आ–आफ्नो तह र स्थानबाट सर्वत्र जागृति ल्याउने वा शैक्षिक विकास गर्ने प्रयास सबैले गरौं भन्ने अपील गर्नचाहन्छु।

# सिक्किम डेमोक्रेटिक फ्रण्ट

## ४ मार्च, २०२२

## ३० औं स्थापना दिवस

स्थान : एसडीएफ भवन, इन्दिरा बाइपास गान्तोक
समय : बिहान १० बजी



श्री पवन चामलिङ
माननीय अध्यक्ष
सिक्किम डेमोक्रेटिक फ्रण्ट

## हार्दिक निमन्त्रणा

एसडीएफ पार्टीको ३० औं स्थापना दिवसको पावन अवसरमा सम्पूर्ण सिक्किमेली जनगणमा हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछौं। यस पुनित अवसरमा आयोजित हुने राज्यस्तरीय समारोहमा सम्पूर्ण एसडीएफप्रेमी जनता जनार्दन एवम् पार्टीका सम्पूर्ण सहयोद्धा मित्रगणलाई सादर आमन्त्रण गर्दछौं। सिक्किमको सुरक्षा, न्याय र समृद्धि भविष्यका लागि यहाँको उपस्थिति अत्यन्त महत्वपूर्ण रहनेछ।

S D F

केन्द्रिय कार्यकारिणी समिति
सिक्किम डेमोक्रेटिक फ्रण्ट
एसडीएफ भवन, इन्दिरा बाइपास गान्तोक